जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क : ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com

बर्ष १३ • अंक ३०० • २०८३ भदौ ३ गते बुधवार • 19 Aug. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# मधेश प्रदेश सरकारद्वारा वित्तीय अनुशासन र प्रशासनिक सुधार




**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २ भदौ**

आर्थिक बेथिति र अनावश्यक प्रशासनिक संरचनाका कारण आलोचना खेप्दै आएको मधेश प्रदेश सरकारले वित्तीय अनुशासन र प्रशासनिक सुधारलाई अघि बढाएको छ। प्रदेश सरकारको यही अभियानअन्तर्गत अर्थ मन्त्रालयले आफ्नो कर्मचारी दरबन्दीमा करिब ३२ प्रतिशत कटौती गरेको छ। प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेटमार्फत सरकारी निकायमा न्यूनतम १५ प्रतिशत कर्मचारी दरबन्दी घटाउने नीति लिएपछि अर्थ मन्त्रालयले त्यसको कार्यान्वयन आफ्नै कार्यालयबाट सुरु गरेको हो।

अर्थमन्त्री युवराज भट्टराईका अनुसार मन्त्रालयको वास्तविक कार्यबोझको तुलनामा कर्मचारीको दरबन्दी बढी रहेकाले पुनरावलोकन गरी दरबन्दी कटौती गरिएको हो । यसबाट प्रदेश सरकारको प्रशासनिक खर्च घट्नुका साथै मन्त्रालयको कामकारबाही थप छरितो र प्रभावकारी हुने विश्वास गरिएको उनले बताए । 'प्रदेशसँग सीमित स्रोत साधन छ । तर, विगतमा आधारबिना दरबन्दी सिर्जना गरिएको अवस्था देखियो,' मन्त्री भट्टराईले भने, 'कामको पर्याप्त भारसमेत नहुने अवस्थामा कर्मचारीको ठूलो संरचना राखिरहन आवश्यक छैन । त्यसैले सुधारको सुरुवात आफ्नै मन्त्रालयबाट गरेका हौँ ।' मन्त्रालयले आर्थिक अनुशासन कायम गर्न र सार्वजनिक स्रोतको अनावश्यक खर्च रोक्न विभिन्न सुधारका कदम अघि बढाएको जनाएको छ। आर्थिक वर्षको अन्त्यमा हुने अन्धाधुन्द रकमान्तरलाई नियन्त्रण गर्न थालेपछि अर्थ मन्त्रालयले वित्तीय अनुशासनको विषयमा सकारात्मक सन्देश दिएको दाबी गरेको छ । मन्त्री भट्टराईले विगतमा देखिएका आर्थिक बेथितिको क्रमशः पहिचान गरी सुधार गर्दै जाने नीति लिइएको बताए । उनका अनुसार सीमित स्रोतलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने र अनावश्यक प्रशासनिक खर्च घटाउने सरकारको प्राथमिकता रहेको छ। दरबन्दी कटौतीको प्रक्रिया अब अर्थ मन्त्रालयमा मात्र सीमित नरहने भएको छ । प्रदेशका सबै सरकारी निकायलाई संगठन तथा व्यवस्थापन (ओएण्डएम) सर्वेक्षण पूरा गरी न्यूनतम १५ प्रतिशत कर्मचारी दरबन्दी घटाउन निर्देशन दिने तयारी गरिएको मन्त्रालयले जनाएको छ ।

यससँगै प्रदेश सरकारको प्रशासनिक संरचना पुनरवलोकन गर्ने कामसमेत अघि बढाइएको छ । मन्त्रालयको संख्या घटाउने, दोहोरो काम गर्ने वा अनावश्यक संरचना खारेज तथा एकआपसमा गाभ्ने तयारी अन्तिम चरणमा पुगेको प्रदेश सरकारले जनाएको छ । प्रदेश सरकारको प्रशासनिक खर्च बढ्दै गएको र विकास बजेट कार्यान्वयनमा समेत समस्या देखिँदै आएको अवस्थामा दरबन्दी तथा मन्त्रालयको संख्या घटाउने निर्णयलाई प्रशासनिक सुधारको महत्वपूर्ण कदमका रूपमा हेरिएको छ । सरकारले आगामी दिनमा खर्च घटाउने मात्र नभई उपलब्ध जनशक्तिलाई प्रभावकारी रूपमा परिचालन गर्ने र सेवा प्रवाहलाई चुस्त बनाउने लक्ष्य लिएको जनाएको छ ।




# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र जलेश्वरमा रेबिजविरुद्धको खोपको अभाव

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २ भदौ**



महोत्तरीको जलेश्वर नगरपालिका-२ का सिद्धार्थ साहको घरपालुवा कुकुरलाई सडकमा रहेको भुस्याहा कुकुरले टोकेपछि रेबिज विरुद्धको खोप लगाउन उहाँ साउन २९ गते भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र महोत्तरी पुग्नुभयो । तर कार्यालयका कर्मचारी तथा चिकित्सकले अस्पतालमा रेबिज विरुद्धको खोप उपलब्ध नभएको भन्दै बाहिरबाट खरिद गरेर ल्याउन भनेको साहले बताउनुभयो ।

कार्यालयमा ८० रुपियाँपर्ने उक्त खोप बाहिर ५०० रुपियाँमा बिक्री हुने गरेको थाहा पाएपछि आफू आश्चर्यचकित भएको उहाँले बताउनुभयो । 'कार्यालयभन्दा झन्डै छ गुणा बढी मूल्यमा खोप पाउनु भनेको कालोबजारी हो ? यसमा सम्बन्धित सबैले ध्यान दिन जरुरी छ,' साहले भन्नुभयो । आफ्नो घरपालुवा कुकुरलाई हरेक वर्ष रेबिजविरुद्धको खोप लगाउँदै आए पनि यसपटक खोप लगाएको कुकुरलाई नै सडकको भुस्याहा कुकुरले टोकेपछि परिवारमा समेत रेबिजको जोखिम हुनसक्ने भन्दै आफू तनावमा रहेको साहले बताउनुभयो । अस्पताल यस विषयमा गम्भीर नभएको उहाँको आरोप छ । उहाँले खोपको उपलब्धताबारे लिखित जानकारी दिन अस्पताललाई आग्रह गर्दा चिकित्सकले ओपीडी टिकटमै पाँच हप्तादेखि रेबिजविरुद्धको खोप उपलब्ध नभएको उल्लेख गरी फर्काएको बताउनुभयो ।


## मानव बेचबिखन नियन्त्रण गरौं

**मानव बेचविखन भन्नाले :**

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्रि गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानुन विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य हुन् ।

**तसर्थ :**

- मानव बेचविखनजन्य कार्य गर्ने/गराउनेलाई कानुनबमोजिम कारवाही हुन्छ,
- मानव बेचविखन गरे/गराएको जानकारी पाएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि




# आत्महत्यालाई रोकौं

आत्महत्या निश्चय नै व्यक्तिको अन्तिम निर्णय रहेको देखिन्छ। तर, त्यो निर्णय त्यत्तिकै शून्यतामा जन्मँदैन। त्यसअघि उसले बाँचेको सामाजिक जीवन, आर्थिक अवस्था, पारिवारिक सम्बन्ध, रोजगारी, ऋण, अपमान, हिंसा, असुरक्षा र भविष्यप्रतिको आशाले लामो समयदेखि त्यस निर्णयलाई आकार दिइरहेको हुन्छ। त्यसैले आत्महत्यालाई केवल व्यक्तिगत कमजोरी वा मानसिक रोगको परिणामका रूपमा बुझ्नु पर्याप्त हुँदैन । बरु यसको सामाजिक पृष्ठभूमिलाई पनि उत्तिकै गम्भीरतापूर्वक बुझ्न जरुरी रहेको देखिन्छ। प्रख्यात फ्रान्सेली समाजशास्त्री इमाइल दुर्खिमले आफ्नो 'आत्महत्याको समाजशास्त्रीय सिद्धान्त' मार्फत आत्महत्यालाई 'सामाजिक तथ्य' को रूपमा प्रस्तुत गरेको देखिन्छ । उनले आत्महत्यालाई सामाजिक तथ्यका रूपमा व्याख्या गर्दै सामाजिक एकता र सामाजिक नियमन कमजोर हुँदा आत्महत्याको जोखिम बढ्ने तर्क गरेको थियो । अर्का समाजशास्त्री तथा दार्शनिक कार्ल मार्क्सको 'अलगाव'को अवधारणाले पनि आत्महत्यालाई बुझ्न महत्वपूर्ण आधार दिन्छन्।

पुँजीवादी उत्पादन प्रणालीमा श्रमिक आफ्नो श्रम, उत्पादन, समाज र अन्ततः आफ्नै अस्तित्वबाट अलगिँदै जान्छन् । वर्गीय असमानता, बेरोजगारी, ऋण, गरिबी, श्रमको असुरक्षा र आर्थिक शोषणले मानिसमा निराशा र अर्थहीनताको भावना गहिर्‍याउन सक्छन्। विश्वमा आर्थिक वृद्धिका सूचकहरू बढिरहेको छन् तर त्यससँगै असमानता, असुरक्षा र सामाजिक तनाव पनि निकै बढिरहेको स्पष्ट देखिन्छ । यस परिवेशमा सरकारले नागरिकमुखि कामहरु समपन्न गर्न गराउन पहल गर्नु पर्दछ। देशमा व्याप्त महँगीको निकास तुरुन्त निकाल्न जरुरी छ।

# पर्यटकीय स्थलको योजनाबद्ध विकास गरी स्थानीय रोजगारी, आर्थिक समृद्धि र जिल्लाको पहिचानमा जोड

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, २ भदौ**




संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले सप्तरी जिल्लाका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलको योजनाबद्ध विकास गरी स्थानीय रोजगारी, आर्थिक समृद्धि र जिल्लाको पहिचानसँग जोड्नुपर्ने बताउनुभएको छ।

मन्त्री पौडेलले जिल्लाका विभिन्न धार्मिक तथा पर्यटकीय स्थलको अनुगमन तथा स्थलगत निरीक्षण गर्ने क्रममा कुरा बताउनुभएको हो। उहाँले प्रसिद्ध धार्मिक तथा ऐतिहासिक स्थल छिन्नमस्ता भगवती मन्दिरमा दर्शन तथा पूजाअर्चना गर्नुभएको थियो । मन्दिरका पीठाधीश महाकान्त ठाकुरले मन्त्री पौडेलसहित सहभागीलाई दर्शन तथा पूजाअर्चना गराउनुभएको थियो। जिल्लाको धार्मिक, सांस्कृतिक तथा पर्यटन क्षेत्रको समग्र विकासका सम्भावना, पूर्वाधार निर्माण तथा आवश्यक पहलका विषयमा छलफल गर्नुभएको थियो। जिल्लाका प्रमुख धार्मिक तथा पर्यटकीय क्षेत्रलाई आपसमा जोडेर पर्यटन सर्किटका रूपमा विकास गर्न सके जिल्लाको पर्यटन प्रवर्धनसँगै स्थानीयस्तरमा रोजगारी र आर्थिक गतिविधि विस्तार गर्न सकिनेमा सहभागीले जोड दिएका थिए। छिन्नमस्ता भगवती मन्दिरलाई केन्द्रमा राखी राजविराज लगायतका धार्मिक तथा पर्यटकीय क्षेत्रलाई जोडेर पर्यटन सर्किट निर्माण गर्न आवश्यक पूर्वाधार, प्रचारप्रसार तथा पर्यटकमैत्री सेवा विस्तार गर्नुपर्ने विषयमा समेत छलफल भएको राष्ट्रिय स्वतन्त्र पार्टीका जिल्ला सभापति डम्बरनारायण साहले जानकारी दिनुभयो।

# श्रद्धालुको भिडसँगै मन्दिरपरिसरमा फूल तथा पूजासामग्रीको कारोबार बढे

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २ भदौ**



बर्दीबास-५ स्थित प्रसिद्ध टुटेश्वरनाथ महादेव मन्दिरमा भदौ १ गते परेको सोमबार पनि दर्शनार्थीको थेगिनसक्नु भिड लाग्यो। नेपाल तथा भारतका विभिन्न स्थानबाट आएका श्रद्धालुको भिडसँगै मन्दिरपरिसरमा फूल तथा पूजासामग्रीको कारोबारसमेत बढेको छ।

श्रद्धालुले चढाउने फूलमाला, बेलपत्र, धतुरो लगायतका पूजासामग्रीको माग बढेपछि टुटेश्वरधाममा यस वर्ष एक करोड रुपियाँभन्दा बढीको पुष्प कारोबार भएको जनाइएको छ। टुटेश्वरनाथ महादेव मन्दिर संरक्षण समितिका अध्यक्ष राजाराम यादवका अनुसार यस वर्ष मन्दिरपरिसरमा फूल व्यवसायका लागि दुई सयभन्दा बढी व्यवसायीले नाम दर्ता गराएका छन्। साउने सोमबारका दिन विशेष गरी फूलमालाको माग उच्च हुने गरेको व्यवसायी बताउँछन्। व्यवसायीका अनुसार एउटा माला सामान्यतः ५० देखि ६० रुपियाँमा बिक्री हुन्छ।

सोमबारको भिड हेरेर एक व्यवसायीले एक हजारदेखि दुई हजारसम्म माला बिक्री गर्ने गरेका छन्। फूलमालासँगै बेलपत्र, धतुरोका दाना तथा अन्य पूजासामग्री बिक्रीबाट समेत व्यवसायीको आम्दानी बढ्ने गरेको छ। अन्तिम सोमबार भएकाले भदौ १ गते टुटेश्वरनाथ मन्दिरमा करिब डेढ लाख दर्शनार्थी पुगेको बताइएको छ। दर्शनार्थी बढेसँगै पुष्प तथा पूजासामग्रीको कारोबार पनि बढेको व्यवसायीको भनाइ छ। गौशाला-९, भरतपुरका युवा व्यवसायी रासविहारी भण्डारीले अघिल्लो सोमबार करिब दुई हजार पाँच सय माला बिक्री गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "आज त झन् बढी बिक्री भएको छ। पूजासामग्री पनि थपेर दिँदा एउटा माला ६० देखि सय रुपियाँसम्ममा बिक्री भइरहेको छ।" केही वर्षयता स्थानीयस्तरमा व्यावसायिक फूल खेतीप्रति किसानको आकर्षण बढ्दै गएपछि भारतीय फूलमा निर्भरता घट्दै गएको छ। स्थानीय किसानले आफ्नै खेतबारीमा दुई कट्ठादेखि एक बिघासम्म फूल खेती गर्न थालेदेखि स्थानीय उत्पादनबाटै बजारको माग धान्न सहज हुँदै गएको व्यवसायीको भनाइ छ।

गौशाला-११, लक्ष्मीनियाँका फूल व्यवसायी रामप्रित मालीका अनुसार धार्मिक पर्व र मेलाका कारण फूलको बजार सुनिश्चित हुने भएकाले उत्पादन बिक्री नहुने जोखिम कम भएको छ। चाडपर्वलाई लक्षित गरेर फूल खेती गर्दा आम्दानी राम्रो हुने गरेको छ।





अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: पिछडेको साथी मिल्ने
मिथून: खानपानमा समस्या आउने
कर्कट: अनावश्यक चिन्ता
सिंह: अशुभ समाचार प्राप्त हुने
कन्या: मनमा पछुतो आउने
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: पढाईमा ध्यान दिनुपर्ने
मकर: अनावश्यक खर्चको संभावना
कूम्भ: लामो यात्राको योग छ
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# रुसभित्र आक्रमण गर्न बेलायती ड्रोन प्रयोग, मस्कोले दियो बेलायतलाई कडा चेतावनी



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २ भदौ

युक्रेनलाई उपलब्ध गराइएका बेलायतमा निर्मित ड्रोन रुसभित्रका सैन्य तथा औद्योगिक लक्ष्यमा आक्रमण गर्न प्रयोग भएको समाचार सार्वजनिक भएपछि मस्कोले बेलायतलाई त्यसको मूल्य चुकाउनुपर्ने चेतावनी दिएको छ ।सन्डे टाइम्सले दुई बेलायती कम्पनीले उत्पादन गरेका ड्रोन युक्रेनले रुसी भूभागभित्र प्रहार गर्न प्रयोग गरेको समाचार प्रकाशित गरेपछि रुसी चेतावनी आएको हो । लन्डनस्थित रुसी दूतावासले बेलायतलाई युक्रेनको आक्रमणमा 'सहयोगी र सह-अपराधी' को भूमिका निर्वाह गरेको आरोप लगाएको छ। बेलायतले द्वन्द्वलाई जानाजानी थप चर्काउने बाटो रोजेको दूतावासको ठहर छ । दूतावासले जारी गरेको विज्ञप्तिमा बेलायतको संलग्नता र किएभको 'आतङ्कवादी संयन्त्र' लाई दिइने समर्थन बढ्दै गए त्यसको मूल्य पनि बढ्दै जाने उल्लेख छ ।

सन्डे टाइम्सका अनुसार ड्रोन उत्पादनमा संलग्न दुई कम्पनीमध्ये एउटा बेलायती रक्षा कम्पनी बीएई सिस्टम्सको सहायक कम्पनी हो । सुरक्षा कारण देखाउँदै अखबारले अर्को कम्पनीको नाम भने गोप्य राखेको छ। बेलायतको रक्षा मन्त्रालयले यस विषयमा तत्काल कुनै टिप्पणी गरेको छैन । सन् २०२२ को फेब्रुअरीमा रुसले युक्रेनमाथि आक्रमण सुरु गरेयता बेलायत किएभको प्रमुख समर्थकमध्ये एक रहँदै आएको छ। बेलायतले युक्रेनलाई हालसम्म करिब २५ अर्ब पाउन्ड अर्थात् ३३ अर्ब अमेरिकी डलर बराबरको सहयोग गर्ने प्रतिबद्धता जनाएको छ। यसमा करिब १६ अर्ब पाउन्ड सैन्य सहायता मात्रै रहेको छ । युक्रेनले पछिल्ला महिनाहरूमा रुसी भूभागभित्र लामो दूरीका ड्रोन तथा अन्य हतियारमार्फत आक्रमण तीव्र पारेको छ। यस्ता आक्रमणले रुसको सैन्य तथा औद्योगिक पूर्वाधारलाई लक्षित गर्दै आएको छ। यसको जवाफमा रुसले पनि युक्रेनमाथि हवाई हमला बढाउँदै लगेको छ । विशेष गरी राजधानी किएभमा रुसी क्षेप्यास्त्र र ड्रोन आक्रमण पछिल्लो समय तीव्र बनेको छ।बेलायत निर्मित ड्रोन रुसी भूभागमा प्रयोग भएको विषयले पश्चिमी मुलुकको सैन्य सहयोग र त्यसले द्वन्द्वमा पार्ने प्रभावबारे नयाँ विवाद जन्माएको छ। मस्कोले पश्चिमी मुलुकको सैन्य सहयोगलाई आफूविरुद्धको प्रत्यक्ष संलग्नताका रूपमा व्याख्या गर्दै आएको छ।







# जलवायुमैत्री कृषि परियोजनाको समापन तथा उपलब्धि हस्तान्तरण उत्सव सम्पन्न

दिपक श्रेष्ठ मण्डल
जनकपुरधाम, २ भदौ



धनुषा र महोत्तरीका १० स्थानीय तहमा सञ्चालित जलवायु मैत्री कृषि परियोजनाको समापन तथा उपलब्धि हस्तान्तरण उत्सव जनकपुरधामस्थित होटल यात्री निवासमा सम्पन्न भएको छ। कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका)को आर्थिक सहयोग तथा जीजीजीआई र जीएनआई नेपालको संयुक्त कार्यान्वयनमा सञ्चालित परियोजनाले जलवायु उत्थानशील कृषि, सिँचाइ विस्तार, कृषि उत्पादन वृद्धि, हरित रोजगारी तथा विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको जनाएको छ। जीजीजीआई नेपाल प्रतिनिधि लाउरा यालासयोकीको अध्यक्षता तथा भूमि व्यवस्था तथा कृषि मन्त्रालयका सचिव डा. संजय यादवको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा धनुषा जिल्ला समन्वय समिति सभापति राजनन्दन मण्डल, मिथिला बिहारी नगर पालिका नगर प्रमुख राजेन्द्र प्रसाद यादव, आसमान नेपालका अध्यक्ष नवल यादव, परियोजना व्यवस्थापक ईश्वरमान श्रेष्ठ, सिनियर प्रोजेक्ट एसोसिएट राकेश शाहलगायत परियोजनाका साझेदार संस्था, सरकारी निकाय तथा स्थानीय सरोकारवालाहरूको सहभागिता रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै जीजीजीआई नेपाल प्रतिनिधि लाउरा यालासयोकीले जलवायु परिवर्तनको बढ्दो प्रभावबाट कृषि क्षेत्रलाई जोगाउन स्थानीय तह, किसान तथा सरोकारवाला निकायबीचको सहकार्य अझ मजबुत बनाउनुपर्ने बताइन्। परियोजनाबाट प्राप्त उपलब्धि र सिकाइलाई स्थानीय स्वामित्वसहित दिगो रूपमा अघि बढाउनुपर्नेमा उनले जोड दिइन्। प्रमुख अतिथि भूमि व्यवस्था तथा कृषि मन्त्रालयका सचिव डा. संजय यादवले जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा देखिएका चुनौती समाधान गर्न जलवायु स्मार्ट प्रविधि, सिँचाइ, कृषि यान्त्रीकरण तथा आधुनिक कृषि प्रणालीको विस्तार आवश्यक रहेको बताए। परियोजनाबाट निर्माण भएका संरचना र विकास गरिएका प्रणालीको प्रभावकारी सञ्चालन तथा संरक्षण गर्दै प्राप्त उपलब्धिलाई स्थानीय नीति, योजना र बजेटसँग जोडेर निरन्तरता दिनुपर्ने उनको भनाइ थियो।

मिथिला बिहारी नगरपालिका नगर प्रमुख राजेन्द्र प्रसाद यादवले परियोजनाबाट स्थानीय किसानहरू प्रत्यक्ष रूपमा लाभान्वित भएको बताए। जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा बढ्दै गएको संकटलाई दृष्टिगत गर्दा आगामी दिनमा पनि यस्ता जलवायु मैत्री परियोजनाको आवश्यकता रहेको उनले औँल्याए। परियोजनाबाट प्राप्त उपलब्धिलाई संरक्षण गर्दै स्थानीय तहको नीति, योजना तथा बजेटसँग जोडेर निरन्तरता दिनुपर्नेमा उनले जोड दिए।

समापन समारोहमा परियोजनाबाट हासिल भएका प्रमुख उपलब्धि, सिकाइ तथा अनुभवहरू प्रस्तुत गरिएको थियो। साथै परियोजनामार्फत निर्माण गरिएका संरचना तथा विकास गरिएका प्रणाली सम्बन्धित निकायलाई औपचारिक रूपमा हस्तान्तरण गरिएको थियो।जुन २०२२ देखि अगस्ट २०२६ सम्म सञ्चालित परियोजनाको कुल अनुदान ५.९९ मिलियन अमेरिकी डलर रहेको थियो। परियोजनाले महिला तथा युवा किसान, वैदेशिक रोजगारीबाट फर्किएका श्रमिक, सार्वजनिक श्रमिक तथा साना किसानलाई लक्षित गर्दै जलवायु स्मार्ट कृषि, खाद्य सुरक्षा, हरित रोजगारी तथा जलवायु उत्थानशील जीविकोपार्जनका क्षेत्रमा काम गरेको थियो।परियोजनाकाअन्तिम मूल्याङ्कनअनुसार १० स्थानीय तहमा ३५० भन्दा बढी भूमिगत सिँचाइ योजना सञ्चालनमा आएका छन्। यसबाट ८०० हेक्टरभन्दा बढी कृषि क्षेत्र सिँचाइको पहुँचमा पुगेको छ भने २ हजारभन्दा बढी किसान प्रत्यक्ष लाभान्वित भएका छन्। त्यस्तै, १० वटै स्थानीय तहमा जलवायु स्मार्ट कृषि क्षेत्रगत योजना स्वीकृत तथा संस्थागत गरिएको जनाइएको छ। विपद् जोखिम न्यूनीकरणतर्फ १० वटा स्थानीय आपत्कालीन सञ्चालन केन्द्र स्थापना गरी प्रारम्भिक चेतावनी प्रणालीसँग जोडिएको छ। परियोजनाको मूल्याङ्कनअनुसार सक्रिय जलवायुजन्य जोखिमका कारण घरधुरी विस्थापनको दर ५१.५ प्रतिशतबाट घटेर ५.८ प्रतिशतमा पुगेको छ ।

कृषि उत्पादन तथा आम्दानीमा समेत उल्लेखनीय सुधार भएको परियोजनाले जनाएको छ। धान तथा गहुँको उत्पादन ३८.२ प्रतिशत, व्यावसायिक तरकारी उत्पादन १८५ प्रतिशत तथा बिक्री आम्दानी २१० प्रतिशतले वृद्धि भएको छ। परियोजनाबाट लाभान्वित घरधुरीको कृषि आम्दानीमा समेत १२४ प्रतिशत वृद्धि भएको अन्तिम मूल्याङ्कनले देखाएको छ। परियोजनाअन्तर्गत १०९ वटा सूक्ष्म, साना तथा मझौला उद्यम तथा कृषि उपकरण भाडामा उपलब्ध गराउने केन्द्र अर्थात् कस्टम हायरिङ सेन्टर मार्फत ८१० स्थानीय हरित रोजगारी सिर्जना भएको छ। तीमध्ये ४२ प्रतिशत रोजगारी वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकले प्राप्त गरेको परियोजनाले जनाएको छ।मौसम तथा कृषि सूचना सेवाको प्रयोगलाई समेत परियोजनाले प्राथमिकता दिएको थियो। अन्तिम मूल्याङ्कनअनुसार ८६.४ प्रतिशत कृषक परिवारले मौसम तथा कृषि सूचना प्रयोग गरेका थिए। यसबाट चरम मौसम तथा विपद्का समयमा किसानलाई समयमै निर्णय लिन तथा सम्भावित बाली क्षति न्यूनीकरण गर्न सहयोग पुगेको जनाइएको छ ।

# २६ लाख रुपैयाँभन्दा बढी मूल्यका अबैध सामान बरामद

जलेश्वरटुडे समाचारदाता
सिरहा, २ भदौ



सिरहाका विभिन्न सीमा नाकाबाट सशस्त्र प्रहरीले भारततर्फ अवैध रूपमा लैजाँदै गरेको तथा भारतबाट नेपालतर्फ भित्र्याउँदै गरेको २६ लाख रुपैयाँभन्दा बढी मूल्यका सामान बरामद गरेको छ ।

सशस्त्र प्रहरीका अनुसार जिल्लाका विभिन्न सीमा क्षेत्रमा खटिएको टोलीले लत्ताकपडा, कस्मेटिक सामग्री, किराना सामान, मदिरा तथा पेय पदार्थ, हार्डवेयरका पार्टपुर्जा, बीउबिजनलगायतका सामान बरामद गरेको हो ।

बरामद सामग्रीको कुल मूल्य २६ लाख २९ हजार ९ सय ९३ रुपैयाँ रहेको सशस्त्र प्रहरीले जनाएको छ । सीमा क्षेत्रमा नियमित गस्ती तथा निगरानीका क्रममा भन्सार छली गरी ओसारपसार गर्न लागिएका तथा ल्याइएका सामग्री नियन्त्रणमा लिइएको जनाइएको छ ।

# कांग्रेसको भविष्य : नेतृत्वको होड कि संस्थागत पुनर्जागरण ?

-नेपाली कांग्रेस नेतृत्वको होडभन्दा संस्थागत पुनर्जागरणको निर्णायक मोडमा उभिएको छ। पार्टीभित्रको संघर्ष पुरानो राजनीतिक संस्कार र नयाँ राजनीतिक अपेक्षाबिचको टकराव हो, जहाँ गुटले संस्थागत संरचनालाई नियन्त्रण गरेको छ। क्रियाशील सदस्यता, पुस्तान्तरण, महाधिवेशन र राजनीतिक पहिचानजस्ता संकटको समाधान व्यक्तिभन्दा संस्थालाई ठूलो बनाउने निर्णयमा निर्भर गर्दछ। नेपाली कांग्रेस आज केवल आन्तरिक विवादमा परेको राजनीतिक दल मात्र होइन; यो आफ्नो राजनीतिक दिशा, संस्थागत चरित्र, नेतृत्व संस्कार र भविष्यको पहिचान तय गर्ने निर्णायक मोडमा उभिएको छ। बाहिरबाट हेर्दा यो विवाद नेतृत्व, क्रियाशील सदस्यता, महाधिवेशन र पुरानो-नयाँ नेतृत्वबिचको संघर्षजस्तो देखिन्छ।

तर यसको गहिराइमा पुग्दा प्रश्न झनै ठूलो छ- कांग्रेस अब पुरानो शक्ति संरचनाकै निरन्तरता बन्ने कि नयाँ राजनीतिक युगको नेतृत्व गर्ने पार्टी? कांग्रेसभित्र अहिले देखिएको संघर्षलाई केवल दुई नेताबिचको प्रतिस्पर्धाका रूपमा बुझ्नु राजनीतिक रूपमा अधुरो विश्लेषण हुनेछ। यो संघर्ष वास्तवमा पुरानो राजनीतिक संस्कार र नयाँ राजनीतिक अपेक्षाबिचको टकराव हो। एकातर्फ लामो समयदेखि पार्टीको संगठन, सत्ता र राजनीतिक संरचनामा प्रभाव राख्दै आएको पुस्ता छ भने अर्कोतर्फ नेतृत्व हस्तान्तरण, संगठनात्मक पुनर्संरचना र नयाँ राजनीतिक संस्कारको माग गरिरहेको पुस्ता। तर, समस्या केवल पुस्ताको मात्र होइन; मूल समस्या त पार्टीभित्र विश्वासको क्षय हुनु हो। जब एउटा पक्षले अर्को पक्षलाई राजनीतिक प्रतिस्पर्धी मात्र नभएर सम्भावित अस्तित्वगत खतरा ठान्न थाल्छ, तब सामान्य संगठनात्मक निर्णय पनि शक्ति संघर्षमा बदलिन्छ। सदस्यता नवीकरण, महाधिवेशन प्रतिनिधि चयन, केन्द्रीय समिति, विधान र अधिवेशनको मितिसमेत राजनीतिक अविश्वासका विषय बन्न पुग्छन्। यही अवस्थाले कांग्रेसलाई अहिलेको संकटमा पुर्‍याएको हो। पहिलो संकट : व्यक्ति कि संस्था ?- नेपाली कांग्रेसको सबैभन्दा ठूलो चुनौती नेतृत्वको होइन, नेतृत्व संस्कारको हो। कांग्रेसमा लामो समयदेखि एउटा प्रवृत्ति विकसित हुँदै आएको छ- संगठनात्मक क्षमता र राजनीतिक विचारभन्दा नेतासँगको निकटता बढी महत्त्वपूर्ण बन्ने। कार्यकर्ता पार्टीको नीति र विचारभन्दा पहिले आफ्नो गुट वा राजनीतिक समूहप्रति उत्तरदायी बन्ने अवस्था देखिनु लोकतान्त्रिक पार्टीका लागि गम्भीर खतरा हो। विभिन्न विचार समूह हुनु लोकतान्त्रिक पार्टीमा अस्वाभाविक होइन; विचारका आधारमा फरक मत हुनु लोकतन्त्रको सुन्दर पक्ष हो। तर, जब गुटले पार्टीको संस्थागत संरचनालाई नै नियन्त्रण गर्न थाल्छ, तब समस्या उत्पन्न हुन्छ। विचार समूह लोकतन्त्र हो, तर समानान्तर शक्ति केन्द्र 'गुटतन्त्र' हो। कांग्रेसले अब यी दुईबिचको अन्तर स्पष्ट गर्नैपर्छ।

कांग्रेस कुनै नेताको निजी राजनीतिक सम्पत्ति होइन, न त कुनै पुस्ताको स्थायी अधिकार नै। यो नेपालको लोकतान्त्रिक आन्दोलनको लामो इतिहास बोकेको साझा संस्था हो। त्यसैले व्यक्तिको राजनीतिक जीवन समाप्त हुन सक्छ, नेतृत्व परिवर्तन हुन सक्छ, पुस्ता परिवर्तन हुन सक्छ; तर पार्टीको संस्थागत चरित्र कमजोर हुनु हुँदैन। दोस्रो संकट : सदस्यता र शक्ति- क्रियाशील सदस्यताको विवादलाई सामान्य प्रशासनिक विषय ठान्नु ठूलो राजनीतिक भूल हुनेछ। पार्टी सदस्यता भनेको केवल कार्यकर्ताको नामावली मात्र होइन। यही सदस्यताबाट वडा तहको शक्ति निर्माण हुन्छ, त्यहीँबाट अधिवेशन प्रतिनिधि आउँछन् र अन्ततः केन्द्रीय नेतृत्व चयन हुन्छ। अर्थात्, जसले सदस्यता संरचनामा नियन्त्रण गर्छ, उसले भविष्यको संगठनात्मक शक्ति नियन्त्रण गर्छ। त्यसैले सदस्यता विवादको समाधान कुनै गुटलाई जिताएर होइन, 'प्रक्रिया'लाई जिताएर गर्नुपर्छ भन्ने मेरो स्पष्ट मत छ। यसका लागि कांग्रेसले पूर्ण पारदर्शी डिजिटल सदस्यता प्रणाली निर्माण गर्नुपर्छ। प्रत्येक सदस्यले आफ्नो सदस्यता, नवीकरण, मतदान अधिकार र प्रतिनिधित्वको अवस्था आफैँ हेर्न सक्ने व्यवस्था मिलाइनुपर्छ। विवादित सदस्यताको स्वतन्त्र छानबिन हुनुपर्छ र अन्तिम सूची सार्वजनिक गरिनुपर्छ। कुनै नेता, समूह वा गुटले सदस्यता प्रणालीलाई आफ्नो राजनीतिक शक्ति विस्तारको साधन बनाउन नपाउने वातावरण बन्नुपर्छ। महाधिवेशन निष्पक्ष चाहिने हो भने सदस्यता वितरण निष्पक्ष हुनैपर्छ। तेस्रो संकट : पुरानो र नयाँ पुस्ता- कांग्रेसको पुस्तान्तरणलाई पनि अत्यन्त संवेदनशील राजनीतिक विषयका रूपमा बुझ्नुपर्छ। पुरानो पुस्तासँग लामो संघर्षको अनुभव छ। लोकतन्त्रका लागि जेल, निर्वासन, प्रतिबन्ध र राजनीतिक जोखिम भोगेको गौरवमय इतिहास छ। संगठन निर्माणमा उनीहरूको अतुलनीय योगदान छ। तर इतिहासको योगदानले भविष्यको नेतृत्वमाथि स्थायी स्वामित्व प्रदान गर्दैन। त्यसैगरी, नयाँ पुस्तासँग नयाँ सोच छ भन्दैमा पुरानो पुस्ताको सम्पूर्ण राजनीतिक योगदानलाई अवमूल्यन गर्न पनि मिल्दैन। त्यसैले कांग्रेसले 'विस्थापन' होइन, 'सम्मान सहितको पुस्तान्तरण' को नीति लिनुपर्छ। वरिष्ठ नेताहरूलाई राजनीतिक सम्मान र अनुभवको भूमिका दिन सकिन्छ, तर कार्यकारी नेतृत्व भने नियमित लोकतान्त्रिक निर्वाचनबाटै तय हुनुपर्छ। यसो गर्दा पुरानो पुस्ताको अपमान पनि हुँदैन र नयाँ पुस्ताको राजनीतिक अवसर पनि रोकिँदैन। चौथो संकट : महाधिवेशन कि शक्ति परीक्षण ?- महाधिवेशन लोकतान्त्रिक पार्टीको सर्वोच्च संस्था हो। तर, कांग्रेसमा महाधिवेशन कहिलेकाहीँ संगठनात्मक लोकतन्त्रभन्दा बढी शक्ति परीक्षणको मैदान बन्ने गरेको देखिन्छ। अबको महाधिवेशनमा सबैभन्दा ठूलो प्रश्न 'कसले जित्छ' भन्ने होइन; सबैभन्दा ठूलो प्रश्न त 'पराजित पक्षले परिणाम स्वीकार गर्छ कि गर्दैन' भन्ने हो। लोकतन्त्रको वास्तविक परीक्षा विजेताले होइन, पराजित पक्षले दिने गर्छ।

यदि एउटा पक्षले चुनाव जितेपछि अर्को पक्षले परिणाम अस्वीकार गर्छ भने महाधिवेशनले समस्या समाधान गर्न सक्दैन; बरु त्यसले पार्टीमा अर्को विभाजनको बीउ रोप्छ। त्यसैले कांग्रेसले महाधिवेशनअघि नै एउटा साझा राजनीतिक प्रतिबद्धता गर्नुपर्छ- 'प्रक्रिया निष्पक्ष भए परिणाम स्वीकार गरिनेछ।' यसले महाधिवेशनलाई व्यक्तिको विजयबाट 'संस्थाको विजय'मा रूपान्तरण गर्न मद्दत गर्नेछ। पाँचौं संकटः कांग्रेसको राजनीतिक पहिचान- माथि चर्चा गरिएका यावत् समस्याभन्दा पनि गम्भीर समस्या अर्कै छ- 'आजको कांग्रेस केका लागि?' यो प्रश्नको स्पष्ट उत्तर कांग्रेसले नयाँ पुस्तालाई दिन सक्दैन भने केवल संगठनात्मक एकताले मात्र केही हुनेवाला छैन। बीपी कोइरालाको कांग्रेसले आफ्नो समयको सबैभन्दा ठूलो राजनीतिक प्रश्नको उत्तर दिएको थियो- लोकतन्त्र र नागरिक स्वतन्त्रता। तर आजको नेपालमा प्रश्न र आवश्यकताहरू बदलिएका छन्। आजको युवा स्वदेशमै रोजगारी, उद्यमशील वातावरण, विदेश जान बाध्य नहुने अवस्था, भ्रष्टाचारमुक्त राज्य, प्रविधिमैत्री शासन तथा गुणस्तरीय शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा खोजिरहेको छ। त्यसैले कांग्रेसले इतिहासको गौरव मात्र बेचेर पुग्दैन, भविष्यको स्पष्ट राजनीतिक परियोजना प्रस्तुत गर्नुपर्छ। कांग्रेसको नयाँ राजनीतिक दर्शन हुन सक्छ- लोकतन्त्रसँग आर्थिक अवसर, सामाजिक न्यायसँग उद्यमशीलता, राज्यसँग



निजी क्षेत्रको सहकार्य, प्रविधिसँग सुशासन र विकाससँग मानवीयता। यसरी मात्रै कांग्रेसले बीपीको विचारलाई आजको युगसँग जोड्न सक्छ। समाधान के ? कांग्रेसलाई अहिले तत्काल एउटा संक्रमणकालीन राजनीतिक सहमति आवश्यक छ। सबै पक्षले पार्टी विभाजनको सम्भावनालाई पूर्ण रूपमा अस्वीकार गर्नुपर्छ। त्यसपछि निश्चित अवधिका लागि सबै प्रमुख धारको प्रतिनिधित्व हुने गरी एउटा संयुक्त संयन्त्र निर्माण गर्नुपर्छ। त्यो संयन्त्रको काम पद बाँड्नु होइन, निष्पक्ष महाधिवेशनको वातावरण बनाउनु हुनुपर्छ। क्रियाशील सदस्यताको विवाद पारदर्शी प्रक्रियाबाट तत्काल समाधान गरिनुपर्छ। पुराना नेताको योगदानको सम्मान र नयाँ पुस्ताको नेतृत्व विकास सुनिश्चित गरिनुपर्छ। महाधिवेशनको परिणाम सबै पक्षले स्वीकार गर्ने राजनीतिक प्रतिबद्धता हुनुपर्छ। सबैभन्दा महत्त्वपूर्ण कुरा- महाधिवेशनपछि स्थायी गुटीय संरचना अन्त्य गर्ने संस्थागत सुधार गरिनुपर्छ। पार्टीमा वैचारिक समूह रहन सक्छन्; तर समानान्तर कार्यालय, समानान्तर निर्णय केन्द्र र स्थायी गुटीय भागबन्डा सदाका लागि बन्द हुनुपर्छ।

साभार : रातोपाटी।

### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी १ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८।०१।१० मा प्रा.लि.नं.२६२९२६ मा दर्ता भएको मिथिला डिजल पम्प सर्भिस प्रा.लि.,ठेगाना मधेस प्रदेश,धनुषा जिल्ला, जनकपुर धाम उपमहानगरपालिका,वडा नं.– १४ को मिति २०८३।०१।१० मा समपन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले १ दिन भित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयहरुमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटर : अर्जुन कोइराला(इजाजत पत्र नं.– १७१)
सम्पर्क नं.– ९८४११४१६१७

# दुर्गेशको नेतृत्वमा लायन्स क्लब अफ जनकपुरधाम रोयल्स गठन

**ओम प्रकाश साह**
**जनकपुरधाम, २ भदौ**




जनकपुरधाममा सामाजिक सेवा र मानवीय कार्यलाई थप प्रभावकारी बनाउने उद्देश्यले लायन्स क्लब अफ जनकपुरधाम रोयल्सको गठन गरिएको छ। नवगठित क्लबको चार्टर्ड प्रेसिडेन्टमा दुर्गेश साह चयन भएका छन्।

जनकपुरधाम उद्योग वाणिज्य संघका सदस्य तथा रामजानकी युवा कमिटीका सचिव समेत रहेका साहले नयाँ जिम्मेवारी सँगै सामाजिक सेवाका क्षेत्रमा सक्रिय भएर काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

साहले क्लबको नेतृत्व गर्दै जनकपुरधाममा सेवा, सहयोग र सामाजिक उत्तरदायित्वका गतिविधिलाई प्राथमिकतामा राखिने बताएका छन्। उनले समाजमा आवश्यक रहेका वर्ग तथा समुदायलाई सहयोग पुर्‍याउने, युवालाई सामाजिक सेवामा जोड्ने र मानवीय सेवाका कार्यक्रमलाई निरन्तरता दिने उद्देश्य रहेको उल्लेख गरेका छन्। उनको नेतृत्वमा गठित लायन्स क्लब अफ जनकपुरधाम रोयल्सले आगामी दिनमा स्वास्थ्य, शिक्षा, विपन्न तथा असहाय लाई सहयोग लगायत विभिन्न सामाजिक तथा मानवीय क्षेत्रमा काम गर्ने अपेक्षा गरिएको छ।

नवगठित क्लबका चार्टर्ड प्रेसिडेन्ट दुर्गेश साह सहित सम्पूर्ण कार्यसमितिलाई सफल कार्यकालको शुभकामना व्यक्त गरिएको छ।

सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण
साउन ०१ देखि असोज मसान्तसम्म अनिवार्य गरौं।




अनुरोधकर्ता
लक्ष्मीनियाँ गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday